**“सुशासन, वातावरण र दिगो विकासमा आधारित पूर्वाधार,**

**सक्षम र समृद्ध नरहरिनाथ गाउँपालिकाको आधार”**

## आ.व.२०७८/०७९

# नीति तथा कार्यक्रम

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ कालिकोट
कर्णाली प्रदेश

**१० असार २०७८**

**नरहरिनाथ गाउँपालिकाको गरिमामय नवौं गाउँसभामा उपस्थित गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु र विभिन्न शाखामा कार्यरत कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

विश्वमा कोरोना भाईरस कोभिड-१९ को दोस्रो भेरियन्टले विश्व समुदाय नै आतङ्कित भईरहेको यो सन्दर्भमा आर्थिक संकट दिनानुदिन बढ्दै गईरहेको छ । स्वदेश तथा विदेशमा रोजगारी तथा अध्ययनको शिलशिलामा रहेका नागरिकहरु र यो महामारीको रोकथाम तथा न्यूनिकरणको लागि यस बर्षको नीति तथा कार्यक्रममा विशेष जोड दिईएको छ ।

नरहरिनाथ गाउँपालिकाको **नवौं** गाउँसभा मार्फत गाउँपालिकाको समग्र आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष **२०७८/०७९** को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ । यस अवसरमा अधिकार प्राप्तिका लागि जनयुद्ध जनआन्दोलन लगाएत संघियता प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्नूहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । लोकतन्त्र र संघीयता प्राप्तीको क्रममा वेपत्ता, घाईते, अपाङ्गता भएका योद्धा र आन्दोलनमा स्वाभिमान पूर्वक सहभागि भई योगदान पुऱ्याउने महान व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

- ❖ विश्वभरि कोरोना भाईरसको दोस्रो भेरियन्टले विश्व महामारीको चपेटामा परिरहेको असहज र चुनौतिपूर्ण परिस्थितीमा आज यस नरहरिनाथ गाउँपालिकाको गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै स्वदेश तथा विदेशमा अदृश्य दुश्मन कोरोना भाईरस (कोभिड-१९) का विरुद्ध कठिन युद्ध लडिरहनु भएका समस्त स्वदेशी तथा विदेशी महानुभावहरुलाई सिघ्र स्वास्थ्य लाभको कामना सँगै ज्यान गुमाउनु हुने सम्पूर्णमा भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।
- ❖ नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय एवम् प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवम् प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा प्रतिवद्धता जनाएका मामिलाहरु, दिगो विकासको लक्ष्य, एवम् आम नरहरिनाथ गाउँपालिका बासी आमा बुवा, दाजुभाई तथा दिदीबहिनीहरुले अपेक्षा गर्नुभएका विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्ग निर्देशनहरु हुन् ।
- ❖ आम नरहरिनाथ गाउँपालिका बासीको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम् क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय ( लक्ष्य) रहेको छ ।
- ❖ **कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरि आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन, योग्य, संक्षिप्त, योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु हाम्रो मुख्य लक्ष्य हो ।**

## ➢ स्वास्थ्य

१) कोरोना नियन्त्रण तथा रोकथामको महा-अभियान सँगै आर्थिक विकास तथा समृद्ध र आत्मनिर्भर गाउँपालिका बनाउने मूख्य उद्देश्य अनुरुप गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई सोही दिशामा तिव्र (र्दुत) गतिमा अघि बढाईनेछ ।

२) विश्वभरी महामारीको रुपमा फैलिएको (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि आवश्यकीय औषधि, उपकरण तथा अन्य आवश्यकीय सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

३) जनताको प्रत्यक्ष स्वास्थ्यको ख्याल गर्दै कोभिड-१९रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाईनको व्यवस्थापनसँगै आवश्यकताका आधारमा प्रा.स्वा.के. कुमालगाउँमा २० शैयाको आईसुलेशन कक्ष स्थापना गरि आवश्यकता अनुसार थप उचित प्रकारको आईसुलेशन कक्षको समेत व्यवस्था गरिने छ ।

४) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

५) बिरामीहरुको आकस्मिक सेवालाई मध्यनजर गर्दै गाउँपालिकाद्धारा एउटा एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

६) गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीहरु, प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सकहरुको सेवालाई सुधारसँगै नियमितता गराईनेछ ।

७) कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मीहरुका लागि प्रोत्साहन भत्ताको समेत व्यवस्थापन गरिएको छ ।

८) प्राथामिक स्वास्थ्य केन्द्र कुमालगाउँमा २४ सैं घण्टा आकस्मिक सेवा सञ्चालनलाई थप प्रभावकारी रुपमा व्यवस्था गरिनेछ ।

९) विशेषज्ञ चिकित्सकहरुको उपस्थितिमा एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१०) औषधि व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ ।
१२) सबै स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर स्थापना गर्नको लागि विशेष पहल गरिनेछ ।
१३) गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य चौकीमा गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य चौकीको स्तरोन्नती र प्राथमिक स्वास्थ्य केन्द्र कुमालगाउँलाई १५ शैयाको अस्पतालमा स्तरवृद्धि गर्नको लागि विशेष पहल भई कार्य संचालनका लागि अन्तिम अवस्थामा पुगेको छ ।
१४) बन्दाबन्दीको समयमा पनि गाउँपालिका मार्फत औषधी, खाद्ययवस्तु लगायतका अत्याआवश्यक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिएको र थप व्यवस्थापनका लागि समेत पहल गरिनेछ ।
१५) गाउँपालिकालाई कोभिड-१९ मुक्त गाउँपालिका बनाउनु पहिलो प्राथमिकता अनुरुप यो महामारीको रोकथामका लागि अपनाउनुपर्ने स्वास्थ्य सजगताका साथ कोरोनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै कोरोना भित्रिन र संक्रमितको संख्या न्यूनिकरणमा उच्च सतर्कता अपनाउन जनचेतनामूलक कार्यक्रम अपनाईनेछ ।
१६) दिर्घ रोगका विरामीहरुका लागि उपचारको व्यवस्था गरिनेछ ।
१७) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको पोषण अवस्था सुधारका लागि विषयगत शाखाले सञ्चालन गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
१९) दिर्घरोगका विरामीलाई मुटुका भल्व चेन्ज गरेका विरामीहरुका लागि (मेसिनको) व्यवस्थापन र दिर्घ रोगीलाई उपचारको व्यवस्था गरिनेछ ।
२०) यस नरहरिनाथ गाउँपालिकामा रहेका जेष्ठ नागरिक, अपाङ्ग, असायहरुको स्वास्थ्य उपचारको व्यवस्था मिलाईनेछ ।
२१) यस गाउँपालिकामा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्नका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
२२) नरहरिनाथ गाउँपालिकाका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस पालिकाले उच्च प्राथमिकतामा राख्नेछ । सोही अनुरुप आ.व. २०७८/०७९ को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाउँपालिकाले छुट्याएको समपुरक रकम समेतलाई विषयगत तथा क्षेत्रगत विनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।
२३) बहुक्षेत्रीय पोषण योजनाले निर्दृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलापहरु संचालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै काल पोषण अनुदान, खोप कार्यक्रम, बालमैत्री स्थानीय शासनमा आदिमा समेत बहु-क्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ ।
२४) समाजमा विद्यमान कुरुती जस्तै : छाउपडी, बाल विवाह र छुवाछुत जस्ता संस्कार र विकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ ।
२५) सबैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

## ➢ शिक्षा

१.पहिंचानको आधारमा स्रोत र सामग्रीको व्यवस्था गरि गाउँपालिकाको अगुवाइमा वैकल्पिक कक्षा संचालन गरि सबैलाई साक्षर बनाइने छ ।
२.माध्कयमिक तहको प्रयोगात्मक बिषयका विद्यार्थी परिचालन गरि अनौपचारिक शिक्षा संचालन गर्ने व्यवस्था गरिनेछ ।
३.विद्यार्थी नियमित गर्नका लागि गरिब, विपन्न, वर्ग र फरक क्षमता भएकाहरुको पहिंचान गरि शैक्षिक सामग्री, पोशाक र छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
४.कमजोर विद्यार्थीका लागि उपचारात्मक शिक्षण संचालन गर्ने र यसका लागि स्रोत गाउँपालिका र गैह्रसरकारी संस्थासँग साझेदारी गरिनेछ ।
५.आधारभूत तह (१-३) मा अंग्रेजी भाषामा शिक्षण क्रियाकलाप संचालन गर्न सम्बन्धित पक्षसँग पहल गरिने र यसका लागि शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
६.अभिभावकलाई सकारात्मक अभिभावकत्व सम्बन्धि चेतनामूलक कार्यक्रम संचालनका लागि व्यवस्था गरिनेछ ।
७.विद्यालयमा कोभिड-१९ लाई मध्यनजर गर्दै मासिक रुपमा बालबालिकाको स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने छ ।

८.स्थानीय स्रोत साधनको पहिंचान गरि स्थानिय आवश्यकता अनुकुलको पाठ्यक्रम तयार गरि लागू गर्ने व्यवस्था गरिनेछ ।

९.बालवालिकालाई समुदाय स्तरमा परियोजना कार्य र सामुदायिक कार्यद्धारा अध्ययन गर्ने वातावरण मिलाउन स्रोत साधनको व्यवस्था गरिनेछ ।

१०.गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धिका लागि प्रधानाध्यापकसँग कार्य-सम्पादन करार सम्झौताको व्यवस्था गरिनेछ ।

११.विपत जोखिम न्यूनिकरण सम्बन्धि तालिमको व्यवस्था गरि जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिनेछ ।

१२. गुणस्तरीय शिक्षण सिकाईका लागि विद्यालयका कक्षाकोठा छापामय गर्ने व्यवस्था गरिनेछ ।

१३. अनुगमनका आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

१४.सिकाई गुणस्तरका लागि प्रत्येक विद्यालयलाई क्रमिक रुपमा डिजिटलको पहुँचमा लैजाने व्यवस्था गरिनेछ ।

१५)शिक्षालाई बालमैत्री र शिक्षामैत्री बनाउन प्रत्येक विद्यालयमा कक्षाकोठाको स्तरीय व्यवस्थापन गर्न सम्बन्धित विद्यालय परिवारहरुलाई उत्साहित बनाईनेछ ।

१६) शिक्षकले दैनिक पाठनोटको तय गरि पठन-पाठन गराउनु पर्ने, शैक्षिक सामग्रीको यथोचित प्रयोग गरि शिक्षण गर्न उत्प्रेरित गरिनेछ ।

१७) बालवालिकालाई आधारभूत तह देखि माद्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँचको निरन्तरतालाई थप बढवा दिईनेछ ।

१८) बालवालिकाहरु विद्यालय नजाने र छाड्ने प्रवृतिलाई न्यूनिकरण गर्न पहल गरिनेछ ।

१९) सामुदायिक र नीजि विद्यालय बीचको शैक्षिक असमानता घटाउँदै सरकारी विद्यालयको स्तरोन्नती र सुविधायुक्त नमूना विद्यालयको विकास गर्दै शिक्षा क्षेत्रमा भईरहेको अनुगमन तथा निरिक्षण प्रणालीलाई निरन्तरता दिईनेछ ।

२०) विद्यालयमा छात्रवृति, निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा लगायतका कार्यक्रमलाई लक्षित वर्गमा केन्द्रित गरिनेछ ।

२१) गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु र अध्यापन गराउने शिक्षकहरुको पोशाकको अनिवायर्तालाई निरन्तरता दिदै शिक्षक विद्यार्थीहरुमा एकरुपताको सन्देश प्रवाह गर्न पहल गरिनेछ ।

२२) विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक सुधारका लागि जिम्मेवार र जवाफदेही बनाईनेछ ।

२३) प्रत्येक विद्यालय र बालविकास केन्द्रलाई शैक्षिक सामग्रीको व्यवस्थापन गरिनेछ ।

२४) बालविकास केन्द्र, आधारभुत तह (१-३) सम्मको कक्षाकोठाको बसाई व्यवस्थापनका लागि कार्पेट पिफम र माथिल्लो कक्षालाई फर्निचरको व्यवस्थापन गरिनेछ ।

२५) शैक्षिक क्षेत्रलाई प्रभावकारी गुणस्तर गरी विद्यार्थीको पठनपाठनमा व्यवस्थापन गर्नका लागि थप पालिकाबाट अनुदान कोटाहरुको सिर्जना गरिनेछ ।

२६) विद्यालयस्तरको परीक्षालाई मर्यादित बनाउन अनुगमनको पाटोलाई जोड दिईनेछ ।

२७) गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीका आधारमा शिक्षा सम्बन्धिका सम्पूर्ण कामहरु कार्यान्वयन गरिनेछ ।

२८) शिक्षक विद्यार्थी अभिभावक र वि.व्य.स.को आचारसहिंता निर्माण र अध्यावधिक गरी निरन्तरता दिइनेछ ।

२९) जनप्रभात कृषि प्राविधिक शिक्षालय श्रीकोटलाई थप स्तरोन्नती गर्ने र आवश्यकताको पहिचान गरी थप प्राविधिक शिक्षालयको स्थापना गर्न पहल गरिनेछ ।

३०) लकडाउनका बेला विद्यार्थीहरुमा पर्न गएको असुविधालाई मध्यनजर गर्दै यस गाउँपालिकाका स्थानीय शिक्षकहरुलाई गाउँटोलमा खटाई कल सेन्टर स्थापना गरी पढाईको गुणस्तरलाई थप बढावा दिईनेछ ।

३१) नेपाल सरकारले तहगत प्र.अ.लाई दिएको भत्ता बमोजिम यस पालिकाबाट थप प्र.अ.हरुलाई भत्ताको व्यवस्था गरिनेछ ।

३२) स्थानीय पाठ्यक्रम निर्माण गरि लागू गरिनेछ ।

- **पूर्वाधार**

१) लालिघाट-सुनथराली बडिमालिका पर्यटकिय सडक मार्ग निर्माणका लागि संघ र प्रदेशसँग  बजेट माग गर्न पहल गर्ने र स्थानीय तहबाट पनि बजेटको व्यवस्थापन गरिनेछ ।

२) लालिघाट देखि सुनथराली विमानस्थल, गाउँपालिका हुँदै रुप्सा चुनासम्म र खुलालु, लालु देखि माल्कोट हुँदै रुप्सा चुनासम्मको निर्माणाधिन सडकलाई विशेष प्राथमिकता दिई आवश्यकताका आधारमा बजेटको व्यवस्थापन गरिनेछ ।

३) अन्य वडागत सडक निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

४) सुनथराली यारपोर्ट देखि खाँडाचक्र नगरपालिका मान्म जोड्ने केवुलकार निर्माण कार्यका लागि जोड दिईनेछ

५) सुनथराली विमानस्थलको निर्माण कार्य सम्पन्न गराई नियमित उडान सेवा सुचारु गर्नको लागि सम्बन्धित निकायमा विशेष पहल गरिने छ ।

६) माध्यमिक शिक्षा परीक्षा (**SEE**) सञ्चालन हुने परीक्षा केन्द्रहरुमा भवन तथा फिल्डहरुको घेरबार गरिनेछ ।

७) गाउँपालिकाले तोकेको स्थानमा सम्बन्धित वडाले वडा कार्यालयको भवन निर्माण गर्नका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग माग गरिनेछ ।

८) उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुलाई प्रभावकारी र पारदर्शी बनाइनेछ ।

९) गाउँपालिकाको केन्द्रसँग जोडिने मुल सडक र अन्य सडकहरुको स्तरोन्नती गरिनेछ ।

१०) गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना निर्माण गरिनेछ र सोही बमोजिमका आर्थिक एवम् अन्य क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

११) भवन निर्माण आचारसंहितालाई लागू गर्नका लागि आवश्यक मापदण्ड तयार गरि लागू गरिनेछ ।

१२) यस गाउँपालिकाको भवन निर्माण कार्यलाई समयमै सम्पन्न गर्नका लागि विशेष पहल गर्नुका साथै क्रमागत योजनाका रुपमा बजेट थप गर्ने प्रदेश सरकारसँग पहल गरिनेछ ।

१३) गाउँपालिकाको जुनसूकै संरचना निर्माण गर्दा फरक क्षमता मैत्री संरचना निर्माणमा जोड दिइनेछ ।

## ➢ खानेपानी तथा सरसफाई

१) खानेपानी तथा सरसफाइलाई व्यवस्थित गर्न घर-घरमा खानेपानीको धारा र मिटर प्रणालीको अवधारणा ल्याई कार्यान्वयनको लागि विशेष पहल गरिनेछ ।

२) पानीको सम्भावित स्रोतहरुको पहिंचान गरी प्रत्येक वडामा सिँचाई कूला तथा सिँचाई पोखरी आयोजना निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

३) खानेपानीको मुहान संरक्षण कार्य अनिववार्य गरिनेछ र सडक निर्माण गर्दा बन्द भएका सिँचाई कुला तथा मुहानहरुलाई पुनः मर्मत सम्भार गर्न गराउन पहल गरिनेछ ।

४) एक घर, एक धारा कार्यक्रमलाई थप प्रभावकारिताका साथ प्रत्येकको घर-घरमा शुद्ध पिउने पानीको व्यवस्था मिलाईनेछ ।

५) उप्पँयाडाँडा कुर्रा रुप्सा कुमालगाउँ हुदै कोटबाडासम्म खानेपानी योजनाको सर्वे गरि सम्बन्धित निकायमा बजेट मागको पहल गरिएको छ ।

## ➢ कृषि

**१**) दोभान बजारमा कृषि उपज तरकारी तथा फलफूल संकलन केन्द्रको स्थापना भईसकेकाले यसलाई व्यवस्थित गरिनेछ ।

२) बैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिलाई कृषि तथा पशुपालन व्यवसायमा आर्कषित गर्न सोही अनुरुपका कार्यक्रमहरु सिर्जना गराईनेछ ।

३) गाउँपालिकाको खुलालु बजारमा रहेको दुध डेरीलाई व्यवस्थित गरिने छ ।

४) कृषिमा अनुदान कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाउन अनुदानको व्यवस्था गरिनेछ ।

५) सहकारी साझेदारी कार्यक्रम अन्तर्गत कृषि, पशु र स्वास्थ्य क्षेत्रमा आय-आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

६) कृषि उत्पादन सम्बन्धी ऐन, कार्यविधि, निर्देशिका, मापदण्ड बनाई कृषि उत्पादनमा नीतिगत सुधार ल्याइनेछ ।

७) कोभिड-१९ बाट सिर्जित खाद्य संकटलाई न्यूनिकरण गर्न उन्नत वीउ, विरुवा तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

८) कृषि बजार सूचना तथा हाट बजारको पूर्वाधार निर्माण गरिनेछ ।

९) निर्वाहमुखी कृषि प्रणालीलाई सुधार गरी कृषिलाई व्यवसायीकरण गर्नका लागि आवश्यक कार्यक्रमको संचालन गरिनेछ ।

१०) एक घर एक करेसाबारी, एक गाउँ एक पहिंचान जस्ता कार्यक्रमहरु तय गरी लागु गरिनेछ ।

११) कृषि क्षेत्रको माटोको परिक्षण गरी सोही अनुसारको बाली तथा फलफूल खेतीको व्यवस्था गरिनेछ ।

१२) यस गाउँपालिकाको हावा पानीलाई मध्यनजर गरी पकेट क्षेत्रको पहिंचान गरी सोही आधारमा फलफूल तथा तरकारी खेती गर्नको लागि व्यवस्थापन गरिनेछ ।

१३) किसानका कृषि उत्पादनलाई बजारीकरणको लागि ढुवानीमा सहुलियत दिइनेछ ।

१४) किसानका बालीनाली क्षति पुऱ्याउने विभिन्न खालका रोग किराहरुको व्यवस्थापनको लागि बाली संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५) कोभिड-१९ ले हुन सक्ने भोकमरीबाट बच्नको लागि विभिन्न खाद्यन्न बालीको जोन ब्लक र पकेट क्षेत्र स्थापना गरिनेछ ।

## ➢ पशुपंक्षी

१) गाउँपालिका भित्रका घरपालुवा पशुपंक्षीहरुलाई व्यवस्थित, सुरक्षित र स्वस्थ राख्न आवश्यकता अनुसारका औषधीहरुको व्यवस्था मिलाईएको छ ।

२) वन्यजन्तु तथा यिनका अंगहरुको चोरी, निकासीलाई नियन्त्रण गरि संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३) पशु चौपायामा लाग्ने विभिन्न रोग तथा महामारीको पहिंचान गरि उपचार गर्नका लागि समयानुकुल व्यवस्था मिलाईनेछ ।

४) पहिंचान र लगनशिलताका आधारमा कुखुरापालन फर्महरुलाई उन्नत जातका कुखुराहरु पाल्नका लागि उचित अनुदानको व्यवस्था गरिनेछ ।

५) व्यवसायिक रुपमा भैसी बाखा र भेडापालक पशुपालन कृषक व्यवसायीहरुलाई पशुपालनका लागि उत्प्रेरणासँगै पहिंचानका आधारमा राहत प्याकेजका कार्यक्रमहरु तय गरिनेछ ।

६) स्थानीय जातका कुखुरा व्यवसाय गर्ने इच्छुक व्यक्ति वा फर्मलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

७) कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकहरुको पशु तथा बाली विमा जस्ता कार्यक्रमहरुलाई प्रथामिकता का आधारमा गरिनेछ ।

## ➢ युवा तथा खेलकुद

१) **"स्वास्थ्यका लागि खेल, राष्ट्रका लागि खेल"** भन्ने नारालाई साकार बनाउन नियमित रुपमा गाउँपालिका स्तरीय खेलकुद सम्बन्धि कार्यक्रम संचालन गरिने व्यवस्था मिलाईनेछ ।

२) खेलकुदका माध्यमबाट गाउँपालिकाको चिनारी अभिबृद्धि गर्न खेलाडी, खेलप्रेमी तथा संस्थालाई प्रोत्साहन गरिनेछ ।

३) रहगाडमा नरहरिनाथ खेलमैदानको निर्माण भईरहेको र यसको स्तर उन्नतीका लागि विशेष व्यवस्था मिलाईनेछ ।

४) स्वस्थ नागरिक उत्पादनका लागि विभिन्न खेलहरुको आयोजना गरि खेलाडीहरुलाई प्रतिष्पर्धाद्वारा खेलकुद प्रतियोगिताको आयोजना मार्फत खेलमा ध्यान दिन युवाहरुलाई प्रेरित गरिनेछ ।

५) युवाहरुको पलायन रोक्न, सीप, दक्षता र क्रियाशिलताको पहिचान गरी स्वरोजगार बनाउन अनुदानको व्यवस्था गरि स्वरोजगार कार्यक्रममा लगानी गरिनेछ ।

६) युवाशक्ति परिचालन गरी विकास निमार्णका क्रियाकलापहरुलाई तिब्रता दिईनेछ ।

## ➢ सहकारी तथा संघसंस्था

१) यस नरहरिनाथ गाउँपालिकाको भौतिक सुधार तथा सामाजिक सुधारको लागि विभिन्न संघ संस्थासँग समन्वय गरी साझेदारी कार्यक्रमको लागि विशेष पहल गरिनेछ ।

२) सहकारीसंग साझेदारीका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

३) गाउँपालिका भित्र कार्यरत गैरसरकारी संस्था तथा वित्तिय संस्थाहरुको काम कारर्वाहीलाई व्यवस्थित, पारदर्शी, नियमित र मर्यादित बनाउन नीतिगत निर्णय गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

४) सहकारी र समुहलाई साझेदारी मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ➢ कला, धर्म र संस्कृति

१) पुरातात्विक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक सम्पदाहरुको अभिलेखिकरण गरि संरक्षरण र सर्म्वद्धन गर्न रणनैतिक योजनाहरु तयार गरि लागु गरिनेछ ।

२) गाउँपालिकामा रहेका धार्मिक सम्पदाहरुको जर्गेना, संरक्षण गर्नका लागि विशेष ध्यान दिईनेछ ।

३) सबै जातजाति, कला, भाषा, धर्म, संस्कृति एवम् समुदायको रीतिरिवाज, रहनसहनलाई सम्मान गर्दै संरक्षणमा विशेष ध्यान दिईनेछ ।

४) साहित्य तथा कला क्षेत्रको विकासको लागि संरक्षणात्मक र प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५) सामाजिक, साँस्कृतिक अवस्थाको अध्ययन गरि दिर्घकालिन रणनीतिक गुरु योजना बनाई गाउँपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक कार्य अगाडि बढाइनेछ, । साथै सामाजिक, सांस्कृतिक कुरीति, धार्मिक

अन्धविश्वास, जातिय विभेद, लैङ्गिक भेदभाव विरुद्ध शुन्य सहनशिलता कायम गर्न गाउँपालिका स्तरीय रणनीति तयार गरी जनचेतनात्मक कार्यक्रम संचालन गरिनेछ ।

६) गाउँपालिका भित्रका लोपोन्मुख कला, सँस्कृतिको जर्गेना गर्दै कलाकारिता क्षेत्रलाई व्यवस्थित तथा मर्यादित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## ➢ महिला, बालबालिका, जेष्ठ नागरिक दलित र फरक क्षमता

१) महिला, दलित, वालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक, फरक क्षमता भएका तथा हरेक दृष्टिकोणले वञ्चित भएका नागरिकका लागि श्रोत, साधन र राज्यको हरेक निकायमा समान अवसर कायम गर्ने रणनीति तयार गरिनेछ, साथै लक्षित वर्गको कार्यक्रमहरु संञ्चालन गर्दा लक्षित वर्गको आय-आर्जन गर्नका लागि प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।

२) महिला लक्षित कार्यक्रमबाट बालविवाह, बहु-विवाह, महिला हिंसा, छुवाछुत, जारी प्रथा, छाउपडी प्रथा र दाईजो प्रथा लगायतका सामाजिक कुरीतिहरुको अन्त्य गर्न रणनैतिक अभियानका साथै सबै वडाहरुमा जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

३) महिला अधिकार, महिला स्वास्थ्य, सुरक्षित महिनावारी, सुरक्षित मातृत्व सम्वन्धि नीति बनाई अभियानका साथ कार्यान्वयनमा ल्याईनेछ ।

४) बालश्रममुक्त गाउँपालिका घोषणाका लागि विशेष कार्यक्रम तय गरिनेछ ।

५) बालवालिकाहरुमा रहेका अर्न्तनिहित प्रतिभाहरुको पहिंचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६) अति जोखिममा रहेका बालवालिकाहरुको तथ्याङ्क संकलन गरी कार्यक्रम संञ्चालन गरिनेछ ।

७) टुहुरा साहारा विहिन बालबालिकाहरुका लागि बालआश्रमको व्यवस्थापन गरिनेछ ।

८) दलित लक्षित कार्यक्रमाबट जातीय छुवाछुत प्रथालाई अन्त्य गर्नका लागि पालिका भरिमा जनचेतनामुलक र सिपमूलक कार्यक्रम संञ्चालन गरिनेछ ।

९) **नरहरिनाथका नारी, पुरुष झै बराबरी** भन्ने नाराका साथ विकासमा रहेको योजना तथा कार्यक्रममा महिला सहभागिता सुनिश्चितता गरिनुका साथै समान कामको समान ज्याला कायम गरिनेछ ।

१०) शहिद परिवार, फरक क्षमता, जोखिममा रहेका नागरिक र एकल महिलाहरुलाई सम्मान कार्यक्रम सहित आय-आर्जनका लागि सिपमूलक र रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

११) कुनै पनि लक्षित वर्गका कार्यक्रमहरु संञ्चालन गर्दा सम्बन्धित वडाहरुलाई जिम्मा दिईने व्यवस्था मिलाईनेछ ।

## ➢ सूचना/प्रविधि

१) नरहरिनाथ गाउँपालिकाले संचालन गरेका र गर्ने सम्पूर्ण क्रियाकलापहरु नागरिक समक्ष पुऱ्याउनका लागि यस पालिकाले रेडियो सुनथराली एफ एम संचालनका ल्याएको छ । साथै पालिकाबाट भए गरेका क्रियाकलाप लाई नागरिक माझ पुऱ्याउनका लागि रेडियोबाट प्रचार तथा प्रशारण गरिनेछ ।

२) इन्टरनेटको गुणस्तर समयानुकूल बनाउन इन्टरनेट प्रदायक संस्थाहरुसँग पहल गरी गुणस्तरीय सेवाको सुनिश्चिता गराईनेछ ।

३) गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा तथा वडा कार्यालयमा इन्टरनेटको सुविधा पुऱ्याई सम्पूर्ण सेवाहरु अनलाईन मार्फत गरिनेछ ।

## ➢ लघु जलविद्युत

१) नरहरिनाथ गाउँपालिका वडा नं. ७ मा रहेको धाँचुखोला जल विद्युत आयोजनालाई संचालनमा ल्याईएको छ । साथै उक्त जल विद्युत आयोजनालाई थप प्रभावकारी रुपमा संचालनमा ल्याउनका लागि सम्बन्धीत निकायमा विशेष पहल गरिनेछ ।

२) नरहरिनाथ गाउँपालिका वडा नं. ५ को रुप्सा जाँत्तडा लघु जलविद्युत आयोजनाको अवरुद्ध रहेको निर्माण कार्यलाई संचालनमा ल्याउनको लागि पहल गरिनेछ ।

३) नरहरिनाथ गाउँपालिका वडा नं.७ मा रहेको उच्छव खोला लघु जलविद्युत संचालित आयोजनालाई निरन्तरता दिनको लागि विशेष पहल गरिएको छ ।

४) वडा नं. ८ मा रहेको तल्लो रहगाडको बहडेछडामा जलविद्युत उत्पादनको सम्भावना रहेकाले सम्भाव्यता अध्ययनका लागि पहल गरिने छ ।

२) गाउँपालिका भित्रका सम्भाव्य लघु-जलविद्युत आयोजना निर्माणका लागि सम्बन्धित निकायमा माग गरिनेछ ।

## ➢ पर्यटन

१) एक वडा एक पर्यटनको पहिंचान गरी नमूना पर्यटकीय गन्तव्य क्षेत्र निर्माणमा जोड दिईनेछ ।

२) सुनथराली विमानस्थल र राष्ट्रगुरु नरहरिनाथको जन्मस्थललाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि प्रचार-प्रसारको लागि पहल गरिनेछ । साथै राष्ट्रगुरु नरहरिनाथको जन्मभूमिमा नरहरिनाथ प्रतिष्ठानको निर्माण कार्य निर्माणधिन अवस्थामा रहेको छ ।

३) गाउँपालिकाको केन्द्रमा राष्ट्रगुरु नरहनिाथज्यूको शालिक निर्माण गर्न पहल गरिनेछ ।

४) पर्यटकीय क्षेत्रको पहिंचान गरी पर्यटकीय स्थल बनाउनको लागि विशेष पहल गरिनेछ ।

५) सम्पूर्ण नरहरिनाथ गाउँपालिका बासीको पायक पर्ने स्थान वडा नं. ६ को माल्कोटको राइटामा शहिद स्मृति प्रतिक्षालयको स्थापना गरिनेछ ।

➢ **वन, वातावरण तथा विपद व्यवस्थापन**

१) **हरियो वन, समुदायको धन** भन्ने मूल नाराका साथ प्रदेश सरकारसँग र जिल्ला डिभिजन वन कार्यालयसँग समन्वय गरी वन व्यवस्थापन तथा वृक्षारोपण कार्यलाई प्रभावकारी बनाईनेछ ।

२) वन विनाश तथा अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ, साथै स्वच्छ वातावरणको लागि एक व्यक्ति एक रुखको अवधारणालाई गाउँपालिकाका खाली स्थानहरुमा वृक्षारोपण गरि स्वच्छ वातावरणमैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।

३) धुँवारहित चुलो, प्लाष्टिकजन्य बस्तुहरुको उचित विर्सजन गरि वातावरण प्रदूषण हुनबाट बचाउनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४) सार्वजनिक स्थलहरुमा धुम्रपान, मद्यपान तथा सुर्तिजन्य पदार्थ विक्रि वितरण तथा सेवन निषेधित क्षेत्र घोषणाका लागि पहल गरिनेछ ।

५) दैविक विपद जोखिम न्यूनिकरण एवम् राहत पुनःस्थापनका लागि विपद् व्यवस्थापन कोष मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

➢ **रोजगार**

१) रोजगारीको सिर्जनाका लागि अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२) बेरोजगार युवाहरुको पहिँचान गरी रोजगारीको वातावरण सिर्जना गरिनेछ ।

३) गाउँपालिकाका ठुला योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम र विभिन्न संघ-संस्थाका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन गाउँपालिकाले रोजगारीका अवसरहरु सिर्जना गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको पहिंचान गरी पूर्वाधार विकासको गतिलाई बढवा दिँदै रोजगारीका माध्यमबाट जनताको दैनिक आय-आर्जनमा बृद्धि गरिनेछ ।

४) मुख्यमन्त्रि रोजगार कार्यक्रम तर्फ स्थानीय तहमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत रोजगारी सृर्जना गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५) अध्यक्ष रोजगार कार्यक्रममा सुचिकृत वेरोजगार युवाहरुलाई काममा खटाएर थप रोजगारी सिर्जना गरिनेछ ।

➢ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ :**

१. स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

२. यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई संचालनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. स्थानिय तहमा सञ्चालित १ करोड भन्दा कम बजेटको आयोजनामा सम्भव भएसम्म रोजगार सेवाकेन्द्रमा सूचिकृत बेरोजगारलाई खटाएर थप रोजगारी सिर्जना गरिनेछ ।

➢ **पुरुस्कार तथा प्रोत्साहन**

१) यस गाउँपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता खाइरहेका शिक्षक तथा कर्मचारीको एकमुष्ठ तलब भत्ता रु. १००० का दरले तलब भत्ता वृद्धि गरिनेछ ।

२) गाउँपालिकाका शिक्षकहरु र कर्मचारीलाई विभिन्न मूल्यांकनका आधारमा वर्षको उत्कृष्ट पुरुस्कारद्धारा सम्मान गरिनेछ ।

३) गाउँपालिकामा माध्यमिक शिक्षा परीक्षा **(SEE)** परिक्षामा उत्कृष्ट विद्यार्थी र विद्यालयलाई अध्यक्ष उत्कृष्ट छात्रवृत्ति कार्यक्रम मार्फत उचित पुरुस्कारको व्यवस्था गरिनेछ ।

४) गाउँपालिकासँग समन्वय गरी विकास निर्माणका कार्यमा योगदान पुऱ्याउने संघसंस्था तथा व्यक्तिलाई उचित पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ।

- **राहात तथा उद्धार**

१) कोरोना भाईरसले विपद्मा परेका व्यक्तिहरुको पहिंचान गरी उक्त व्यक्तिहरुलाई उद्धार तथा राहतको व्यवस्था गरिनेछ।

२) गाउँपालिका भित्रका गर्भवती अवस्थामा रहेका सुत्केरी महिलाहरुको लागि गाउँपालिका भित्र सुत्केरी हुन नसकी रिफर गर्नु परेमा सुत्केरी महिलाहरुको उद्धारका लागि गाउँपालिकामा **उपाध्यक्ष उद्धार कोषको** स्थापना गरिनेछ ।

३) असाय, अपांग, विपन्न तथा दिर्घरोगका विरामीहरुलाई सामाजिक सहायताको व्यवस्थापन गरिनेछ।

४) कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि विशेष पहल गरिनेछ।

५) गाउँपालिका अन्तर्गतका १ देखि ९ वडाहरुमा रहेकी सुनौला हजार दिनका आमाहरुलाई शुद्ध पिउने पानी प्रयोग गर्नको लागि फिल्टर व्यवस्था गरिने छ।

६) गत साल श्रावण महिनामा आएको अविरल वर्षाका कारण क्षति भएका घर परिवारहरुका लागि राहतको व्यवस्थापन गरि बस्ती स्थानान्तरण समेत गरिएको छ। साथै उक्त बस्ती स्थानन्तरण भएका घर जम्मा १८५ परिवारका लागि राहतको प्रवन्ध मिलाईएको छ। १ करोड ७० लाख रकम प्रदेश सरकारबाट पहिरो प्रभावित क्षेत्र/बस्ती स्थानान्तरण भएका घर परिवारका व्यक्तिहरुको ५० वटा आवास/घर निर्माण कार्य भईरहको र आवास/घर निर्माण गर्न बाँकी रहेका व्यक्तिहरुका लागि सम्बन्धित निकायमा माग गरिएको छ।

७) पहिरोबाट पूर्ण रुपमा क्षेती भएका घरको लागत निर्माणका लागि विशेष रुपमा पहल गरिनेछ।

८) चर्किएका घरको क्षति व्यवस्थापनको लागि सम्बन्धीत पक्षसँग बजेट माग गरिएको छ।

- **उद्योग/बाणिज्य**

१) गाउँपालिकाको पायक पर्ने स्थानमा स्थानीय बजारलाई व्यवस्थापन गरिनेछ।

२) कोभिड-१९ का कारण सिर्जना हुनसक्ने कालो बजारीयालाई नियन्त्रण गरिनेछ।

३) गाउँपालिका स्तरीय बजार व्यवस्थापन समितीलाई सक्रिय बनाउन उत्साहित गरिनेछ।

४) मदिरा बेचबिखनको कार्यलाई नियन्त्रण गरी सभ्य तथा रचनात्मक समाजको निर्माण गर्न पहल गरिनेछ।

५) गाउँपालिका भित्रका विभिन्न स्थलहरुमा दुरीका आधारमा बस्तुहरुको ढुवानीको मूल्य निर्धारण गरिनेछ।

६) गाउँपालिका सेवा क्षेत्र भित्र चल्ने सवारी साधनहरुको गा.पा.मा सुचिकृत गरी गाडि भाडा दर निर्धारण गरिनेछ।

- **सुशासन र कर**

१) गाउँपालिकामा "जनतासँग जनप्रतिनिधी" कार्यक्रम सञ्चालन गरिनेछ।

२) सार्वजनिक प्रशासन सेवाप्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समय सापेक्ष प्रविधि-मैत्री बनाउँदै सेवा प्रवाहलाई जन अपेक्षा अनुरुप छिटो छरितो सर्भ-सुलभ, सरल र गुणस्तरीय सेवालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

३) उपभोक्ता अधिकार सुरक्षितका लागि बजार अनुगमनलाई नियमित गरिनेछ।

४) नागरिकको सूचनाको हकलाई प्रत्याभूत गरिनेछ।

५) गाँउपालिकाको आन्तरिक आम्दानीको स्रोत वृद्धि गर्न करका सम्भावित क्षेत्र एवमं दायराहरु पहिंचान गरि प्रगतिशिल कर प्रणाली लागू गर्ने तर्फ विशेष जोड दिईनेछ।

६) विकास योजनालाई सहभागितामूलक बनाउन र लागत कम गरी गाउँपालिकाको उच्चतम् विकास हाँसिल गर्न समपुरक कोष मार्फत विभिन्न योजनाहरु सञ्चालनमा ल्याईनेछ।

७) गाउँपालिकाका हरेक कार्यको अनुगमन तथा मूल्याङ्कनलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखी र मापनीय बनाईनेछ।

- **तलब भत्ता तर्फ**

१) गाउँपालिका अन्तर्गत पशु र कृषि शाखामा कार्यरत एक गाउँ एक प्राविधिक कर्मचारीहरुको ६ महिनाको तलब भत्ता यस गाउँपालिकाले व्यवस्थापन गरिनेछ।

२) गाउँपालिका अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखामा कारर्यरत कर्मचारीहरुको ४ महिनाको तलब भत्ताको व्यवस्थापन गाउँपालिकाद्धारा गरिनेछ।

**अन्त्यमा सक्षम र समृद्ध गाउँपालिका निमार्णका लागि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा समेटिएका विषयहरुको कार्यान्वयन गर्नु गराउनु महत्वपूर्ण कार्य हुन जान्छ। नरहरिनाथ गाउँपालिकाको**

अनिवार्य तथा ऐतिहासिक कामहरु हामीप्रति बफादार रहेको र आम नरहरिनाथ गाउँपालिका बासी जनताको विकास र परिवर्तनको उत्कण्ठ इच्छालाई पुरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । कोरोना भाईरस रोकथाम कार्यको महाअभियानमा योगदान पुऱ्याउदै आउनुभएका जनप्रतिनीधि, राजनीतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, कर्मचारी, सञ्चारकर्मी, नीजि तथा व्यवसायिक क्षेत्र, सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, र सम्पूर्ण दाजुभाई तथा दीदीबहिनीहरुलाई रचनात्मक सुझाव र सहयोगको अपेक्षासँगै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । -

धन्यवाद ।।।

धीर बहादुर बिष्ट
अध्यक्ष
नरहरिनाथ गाउँपालिका